नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

सिंहदरबार, काठमाडौं

☎ ४२६२८६२

प.स.

च.नं.

मितिः २०८३/०१/१६

## प्रेस विज्ञप्ति

**अस्पताल/स्वास्थ्य संस्था भित्र हातपात, तालाबन्दी, तोडफोड लगायत कानुन बिपरित गतिविधि नगर्ने/नगराउने सम्बन्धमा**

पछिल्लो समयमा केही व्यक्तिहरुले अस्पताल तथा स्वास्थ्य संस्था परिसरभित्र स्वीकृति विना प्रवेश गरी बिरामी र स्वास्थ्यकर्मीहरूको फोटो तथा भिडियो खिच्ने, अन्तर्वार्ताको नाममा भिडभाड गर्ने र स्वास्थ्य उपचारमा खटिएका चिकित्सक तथा कर्मचारीहरूको कार्यसम्पादनमा अवरोध पुर्‍याउने गरेको जनगुनासो यस मन्त्रालयमा प्राप्त भएको छ। यस प्रकारको कार्यले बिरामीको गोपनीयताको हनन् हुनुका साथै संवेदनशील क्षेत्रमा अशान्ति फैलिन गई समग्र उपचार प्रक्रियामा नै गम्भीर असर परेकोप्रति मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

अस्पताल जस्तो संवेदनशील क्षेत्रमा स्वीकृति विना भिडियो बनाउने, चिकित्सक तथा कर्मचारीलाई अमर्यादित तवरले प्रस्तुत हुने वा अनुचित दबाव दिने कार्य प्रचलित कानुनको ठाडो उल्लङ्घन हो। "स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६" को दफा ३ ले 'उपचारमा बाधा पार्न नहुने' स्पष्ट व्यवस्था गरेको छ। सोही दफाको खण्ड (च) मा "स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई हातपात गर्ने, कुनै किसिमले धम्की दिने, गाली गलौज गर्ने वा अभद्र वा अपमानजनक व्यवहार गर्न" नपाइने स्पष्ट कानुनी व्यवस्था रहेको छ। साथै मुलुकी अपराध संहिता २०७४ को दफा २९५ मा अनुमति बिना कुनै व्यक्तिको तस्बिर खिच्न नहुने भन्ने व्यवस्था रहेकोमा अस्पताल/स्वास्थ्य संस्था परिसरभित्र सम्बन्धित संस्थाको अनुमति नलिई फोटो/भिडियो नखिच्नु तथा प्रकाशन/प्रसारण नगर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ। उक्त कानुनको बर्खिलाप हुने गरी कसैले उल्लिखित कार्य गरे/गराएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैलाई स्मरण गराइन्छ। तसर्थ, सम्पूर्ण सर्वसाधारण तथा सरोकारवालाहरूलाई अस्पताल तथा स्वास्थ्य संस्थाको पूर्व स्वीकृति विना कुनै पनि प्रकारको फोटो वा भिडियो नखिच्न/नखिचाउनुहुन र कानुन विपरीतका गतिविधि नगर्न/नगराउन मन्त्रालय हार्दिक अनुरोध गर्दछ। यस सूचनाको बेवास्ता गरी यस्ता गैरकानुनी कार्य गरे/गराएको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गर्न सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा सुरक्षा निकायहरूलाई जानकारी दिइसकिएको व्यहोरा समेत यसै विज्ञप्तिमार्फत अवगत गराइन्छ।

साथै चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य सेवा प्रदायक संस्थाबाट उपचारको क्रममा कमि कमजोरी भएको महसुस भएमा सम्बन्धित निकायमा उजुरी गरी सो को तथ्यपरक छानबिन र सम्बोधन गर्ने प्रावधान रहेको समेत जानकारी गराइन्छ ।

२०८३/०१/१६

सूचना अधिकारी